पाथीभरा याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

अध्यक्षः ९८०१२२२६७९
उपाध्यक्षः ९८४२६६००८४
प्र.प्र.अ. ९८५२६६०४६०

## करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित ( प्रकाशित मितिः २०७७/०६/०७)

यस गाउँपालिका अन्तर्गत कोरोना भाइरस (COVID-19) संक्रमण भएका व्यक्तीहरुको लागि उपचार सेवा प्रदान गर्न अस्थायी कोभिड अस्पताल स्थापना गरी सञ्चालन गर्नका लागि स्वास्थ्य सेवाका देहाय बमोजिमका पद/तह र संख्यामा प्राविधिक कर्मचारी नियुक्ती गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन गरिएको मितिले १५ दिन (पन्ध्र)दिन भित्र राजश्व तिरेको सक्कल रसिद सहित दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद/तह | सेवा | समूह | माग संख्या | न्युनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| ०८/२०७७/०७८ | मेडिकल अधिकृत (आठौं तह) | स्वास्थ्य | ज.हे.स. | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा MBBS वा सो सरह उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्नेछ । | अन्तरवार्ता |
| ०९/२०७७/०७८ | स्टाफ नर्स/अ.न.मी. (सहायक पाँचौ/चौथो) | स्वास्थ्य | क.न. | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा PCL in Nursing वा १८ महिनाको ANM कोर्ष उत्तिर्ण गरेको र नर्सिङ परिषदमा दर्ता भएको हुनु पर्नेछ । | अन्तरवार्ता |
| १०/२०७७/०७८ | का.स. | प्रशासन | सा.प्रशासन | १ जना | कम्तिमा एस.एल.सी. वा सो भन्दा माथी उत्तीर्ण गरेको हुनु पर्नेछ । | अन्तरवार्ता |

१. **दरखास्त दिने स्थानः** पाथीभरा याङवरक गाउँपालिकाको कार्यालय, थेचम्बु, ताप्लेजुङ ।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७७/०६/२२ गते कार्यालय समय भित्र ।

४. **आवेदन दस्तुरः** अधिकृत तह रु. १,०००।–, सहायक तह रु. ६००।– र का.स. रु. ३००।- (पाथीभरा याङवरक गाउँपालिकाको लक्ष्मी बैंकको आन्तरिक राजश्व खाता नं.:०९२०३००००५१ जम्मा गर्नु पर्नेछ )

५. **छनौटको किसिमः** प्रारम्भिक योग्यताको सूची प्रकाशन र अन्तर्वार्ता ।

६. **उम्मेद्वारको उमेर हदवन्दीः** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ पुरा भई ४० वर्ष ननाघेको साथै महिलाको हकमा ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।साथै अन्य प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

७. **सेवा सुविधाः** सम्बन्धित तहलाई नेपाल सरकारले तोकेको शुरु स्केल बराबरको रकम मासिक रुपमा तलब स्वरुप भुक्तानी गरिनेछ । साथै मेडिकल अधिकृतको हकमा स्थानीय तहबाट प्रचलित कानुनको अधिनमा रही थप गर्न सकिनेछ ।

८. **काम गर्नु पर्ने स्थान र अवधीः** पाथीभरा याङवरक गाउँपालिका अन्तर्गत स्थापित कोभिड-१९ अस्थायी अस्पतालमा यस सूचना बमोजिम नियुक्ति हुने कर्मचारीहरुको कार्य अवधी ३ महिनाको हुने र आवश्यकता अनुसार थप हुन सक्ने छ ।

९. **सम्पर्क मितिः** २०७७/०६/२३ गते

**नोटः** इच्छुक उम्मेद्वारले यस गाउँपालिकाको इमेल ठेगाना Pathivarayang@gmail.com मा पनि दरखास्त दिन सकिनेछ, साथै आवेदनको फारम पाथीभरा याङवरक गाउँपालिकाको कार्यालय र कार्यालयको **Web Site:** www.yangwarakmuntaplejung.gov.np मा उपलब्ध गरिएको छ ।

रित पुर्वक पेश नभएका तथा म्याद नाघि आएका आवेदन उपर कुनै कारवाही गरिने छैन । छनौट समितिले मापदण्ड पुरा गरेका आवेदन लाई मात्र छोटो सूचीमा समावेश गरिने छ ।

..............................
लोक प्रसाद फागो
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत